# काठमाण्डौ इन्स्टिच्यूट अफ चाइल्ड हेल्थ (किओच) द्वारा काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ - ७, हेपाली हाइटमा निर्माण तथा सञ्चालन गर्ने किओच-काठमाण्डौ बाल अस्पतालमा शौर्य विद्युत निर्माण, जडान तथा संचालन सम्बन्धि प्रस्ताव आव्हानको सूचनाः

**पृष्ठभूमिः**

देशमा बाल मृत्यूदर र बाल अपाङ्गता दरलाई न्यूनिकरण गर्ने र शहरभन्दा टाढा रहेका वा आर्थिक रुपमा विपन्न बालबालिकाहरूले समेत एकै थलोमा बहु-विशिष्टिकृत स्वस्थ्योपचार सेवा सहजताका साथ प्राप्त गर्न सकुन भन्ने उद्देश्यका साथ मुनाफारहित कल्याणकारी संस्थाको रुपमा संचालन हुन लागेको २०० शैया क्षमताको किओच-काठमाण्डौ बाल अस्पताल काठमाण्डौ जिल्ला, बुढानिलकण्ठ न.पा.- ७, हेपाली हाइटमा हाल निर्माणाधिन अवस्थामा छ ।

**शौर्य विद्युतको जरुरतः**

गुणस्तरीय तथा कल्याणकारी सेवा प्रवाह र वित्तीय व्यवस्थापनको विशिष्ट ढाँचामा संचालनमा ल्याउन लागिएको यो बाल अस्पताललाई वातावरण मैत्री पनि बनाउने योजना रहेको छ । यस अनुरुप अस्पताललाई आवश्यक पर्ने विद्युतको आपूर्ति यथासम्भव शौर्य उर्जाबाट प्रप्त गर्ने लक्ष राखिएको छ । किओच-काठमाण्डौ बाल अस्पतालका लागि करीव ७५० केभिए बिद्युत आबश्यक पर्ने अनुमान गरिएको छ । तसर्थ यस स्थलको अध्ययन गरी यथासम्भव बढी परिमाण (न्युनतम २०० केभिए क्षमता) को शौर्य बिद्युत उत्पादन गरी किफायती मूल्यमा अस्पताललाई उपलब्ध गराउन इच्छुक कम्पनी /फर्महरूबाट तपशिलमा उल्लेखित शर्त बन्देजहरू पालना गर्ने गरी प्राविधिक तथा आर्थिक प्रस्ताव माग गरिएको छ ।

**प्रस्तावक शौर्य विद्युत उत्पादक कम्पनीले पालना गर्नुपर्ने विशेष शर्तहरूः**

१. प्रस्तावक कम्पनीले किओच-काठमाण्डौ बाल अस्पताल भवन र यसको परिशरमा शौर्य उर्जा उत्पादनका लागि आवश्यक पर्ने सोलार प्यानल, ब्याट्री, केबुल, कन्ट्रोल प्यानल लगायतका सम्पूर्ण सामाग्री तथा उपकरणहरू आफ्नै खर्चमा खरीद तथा जडानको कार्य गर्नु पर्नेछ ।

२. अस्पतालका इमर्जेन्सी, आई सी यु, ओ टी जस्ता अति सम्बेदनशील सेवाहरू सञ्चालनमा ल्याउदा करीव १०० केभिए बिद्युत उर्जा खपत हुने अनुमान गरीएको छ । यसका लागि Off Grid (Battery Backup) प्रणालीबाट र अन्य सामान्य नियमित सेवाहरू On Grid प्रणालीबाट सञ्चालन हुनेगरी प्रस्ताबक कम्पनीले उपयुक्त सौर्य बिद्युत आपुर्तिको प्रणाली निर्माण गर्नुपर्नेछ । यस क्रममा सौर्य उर्जाबाट प्राप्त बिद्युत अबिच्छिन्न आपुर्तिको सुनिश्चितताका लागि आबस्यक परीमाणका ब्याट्रीहरूको ब्यवस्था पनि प्रस्ताबक कम्पनीले गर्नुपर्नेछ ।

३. किओच-काठमाण्डौ बाल अस्पतालका लागि शौर्य विद्युत उत्पादन गरि आपूर्ति गर्ने प्रयोजनार्थ प्रस्तावक कम्पनीले नवीनतम प्रविधियुक्त, टिकाउ र गुणस्तरीय उपकरणहरू प्रयोगमा ल्याउनुपर्नेछ । जडान पश्चात सञ्चालन तथा उपयोगका क्रममा परी आउने पार्ट-पूर्जा खरीद लगायतको मर्मत सम्भार खर्च पनि शौर्य उर्जा उत्पादक (प्रस्तावक कम्पनी) ले ब्यहोर्नु पर्नेछ । प्रस्ताव गरिएको प्रणालीको Technical Specification संलग्न गर्नु पर्नेछ ।

४. शौर्य विद्युत उत्पादनका लागि आबस्यक पर्ने सोलार प्यानलहरू जडान गर्नका लागि किओच-काठमाण्डौ बाल अस्पताल भवनको छतका अतिरिक्त भवनका भित्ता तथा परिशरका अन्य उपयुक्त खाली ठाउँहरूलाई समेत प्रयोगमा ल्याउन सकिनेछ । सोलार प्यानल जडान गर्ने स्थानको पहिचान गर्नका लागि प्रस्तावक उर्जा उत्पादक कम्पनीले किओच-काठमाण्डौ बाल अस्पतालको निर्माण स्थलमा आई नापजाँच गर्न सक्नेछ । किओच-काठमाण्डौ बाल अस्पताल तथा कार्यालयबाट प्रवाह हुने नियमित सेवा र यसको भौतिक संरचनामा प्रतिकुल असर नपर्ने गरी सोलार प्यानल जडानका लागि स्थानको निक्यौंल गरिनेछ ।

५. प्रस्तावक कम्पनीले अस्पताललाई शौर्य बिद्युत उपलब्ध गराउने सम्बन्धि यस परियोजनाको सम्झौता अवधि हाललाई १५ बर्षको हुनेछ । यो अवधिको समाप्ती पछि पनि दुवै पक्षको आपसी सहमतिमा अवधि थप गर्न सकिनेछ ।

६. किओच-काठमाण्डौ बाल अस्पताललाई निर्धारीत परिमाणको बिद्युत नियमित आपूर्तिको जिम्मा शौर्य विद्युत उत्पादक (प्रस्तावक) कम्पनीले लिनेछ । कुनै कारणवस शौर्य बिद्युत आपूर्तिमा अवरोध आएमा सो अवधिभर अस्पताल र कार्यालयबाट प्रवाह हुने नियमित सेवालाई अबिच्छिन्न राख्न बैकल्पिक बिद्युत आपुर्तिको बन्दोबस्त समेत प्रस्तावक कम्पनीले गर्नु पर्नेछ ।

७. किओच-काठमाण्डौ बाल अस्पतालको उपभोगका लागि प्रस्तावक कम्पनीले उत्पादन गरेको शौर्य उर्जा (बिद्युत) उपभोग पश्चात वचत हुन गएमा उक्त बिद्युतलाई उत्पादक कम्पनीले नेपाल बिद्युत प्राधिकरण को राष्ट्रिय प्रशारण प्रणालीमा जोडी बिक्री गर्न सक्नेछ । अस्पतालका लागि बिद्युतको उपभोग भन्नाले अस्पताल सञ्चालनका लागि खपत हुने बिद्युतशक्तिका अतिरीक्त अस्पतालमा जडीत सम्पूर्ण ब्याट्रीहरू रिचार्ज गर्नका लागि आबश्यक पर्ने बिद्युत परिमाण समेतको कुल खपतलाइ बुझ्नुपर्दछ ।

८. किओच-काठमाण्डौ बाल अस्पतालका लागि प्रस्तावक कम्पनीद्वारा जडान गरिएको शौर्य बिद्युत उत्पादन तथा खपत गर्ने क्रममा प्रयोगमा रहेका ब्याट्री बदल्नुपर्ने अबस्थामा ती पुराना ब्याट्री र यस परियोजनामा प्रयुक्त पर्यावरणीय जोखिम समूहमा पर्ने अन्य चिजविजहरूलाई पर्यावरण मैत्री पद्धती बमोजिम पुनः प्रयोग गर्ने वा अन्यत्र स्थानान्तरण गर्ने जिम्मा प्रस्तावक कम्पनीको हुनेछ ।

**इच्छुक प्रस्तावक कम्पनीसंग माग गरिएको महशूल दर सम्बन्धमाः**
किओचको प्रकृति र उद्देश्य मनन गरी माथी उल्लेखित विशेष शर्तहरू पालना गर्ने मञ्जूरीका साथ किओच-काठमाण्डौ बाल अस्पताललाई के-कति दरमा शौर्य बिद्युत उपलब्ध गराउन सक्ने हो सो को बिवरण सहित पूर्ण प्राविधिक तथा आर्थिक प्रस्ताव इच्छुक शौर्य उर्जा उत्पादक कम्पनीहरूसंग माग गरिन्छ ।

**प्रस्तावमा समावेश हुनुपर्ने न्युनतम विषय तथा कागजातहरूः**
प्रस्ताव पेश गर्दा शिलबन्दी (लाहाछाप) गरी पेश गर्नुपर्नेछ र खाममा कार्यको नाम, संकेत नं., प्रस्ताव पेश गर्ने कम्पनी /फर्मको नाम र ठेगाना स्पष्ट उल्लेख गर्नुपर्नेछ । साथै प्रस्तावमा निम्न कागजातहरू समावेश गर्नुपर्नेछ।

- क) दर्ता प्रमाणपत्र
- ख) VAT/PAN प्रमाणपत्र
- ग) आर्थिक वर्ष २०८०-८१ को कर चुक्ता प्रमाणपत्र
- घ) गत वर्षको आय र व्यय विवरण सहित लेखापरीक्षण प्रतिवेदन।
- ङ) संस्थाको प्रोफाइल र सम्पन्न गरेका परियोजनाहरूको विवरण
- च) प्रस्ताव पेश गर्न अयोग्य नभएको र स्वार्थ नवाझिने स्वघोषणा
- छ) समय तालिका
- ज) प्राविधिक प्रस्ताव
- झ) आर्थिक प्रस्ताव

**प्रस्ताव पेश गर्ने अन्तिम मिति र समयः**
प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र

**प्रस्ताव पेश गर्ने स्थानः**
काठमाण्डौ इन्स्टिच्युट अफ चाइल्ड हेल्थ, बुढानिलकण्ठ-७, हेपाली हाइट, काठमाण्डौको प्रशासन शाखा

**प्रस्तावको वैधताः** पेश गरिएका प्रस्तावहरू प्रस्ताव पेश गर्ने अन्तिम दिनबाट १२० दिनका लागि मान्य हुनुपर्नेछ ।

यस सूचनाका सम्बन्धमा कुनै अस्पष्टता भएमा वा थप जानकारी आवश्यक परेमा काठमाण्डौ इन्स्टिच्युट अफ चाइल्ड हेल्थ, हेपाली हाइट, बुढानिलकण्ठ-७, काठमाण्डौको प्रशासन शाखा सम्पर्क गर्न सकिनेछ ।